25th of November 2026 (Wednesday)

National News

मुख्य समाचार

- होमियोप्याथीको विश्वसनीयता बढाउन वैज्ञानिक अनुसन्धान र बिरामीको सुरक्षालाई राष्ट्रपति मुर्मूको प्राथमिकता।।।
- महिला सशक्तीकरणका लागि शिक्षामा अवसर विस्तार गर्न उपराष्ट्रपतिको आह्वान।।
- विकसित भारत २०४७ को लक्ष्य हासिल गर्न सुधार र लगानीमा प्रधानमन्त्री मोदीको जोड।।
- गोवामा ५७औँ भारतीय अन्तर्राष्ट्रिय चलचित्र महोत्सव जारी ।।
- हिन्द महासागर क्षेत्रमा समुद्री सुरक्षा र क्षेत्रीय सहकार्य सुदृढ बनाउन अजित डोभालको आग्रह।।

राष्ट्रपति द्रौपदी मुर्मू

राष्ट्रपति द्रौपदी मुर्मूले होमियोप्याथीको विश्वसनीयता बढाउन वैज्ञानिक अनुसन्धान, प्रमाणमा आधारित मूल्याङ्कन र बिरामीको सुरक्षालाई प्राथमिकता दिनुपर्ने बताउनुभएको छ। सन् २०४७ सम्म विकसित भारत निर्माणको यात्रामा स्वास्थ्य सेवा र शिक्षा दुई महत्त्वपूर्ण आधारस्तम्भ रहने उहाँले उल्लेख गर्नुभयो। आफ्नो गृह राज्य ओडिशाको दुईदिने भ्रमणको अन्तिम दिन भुवनेश्वरस्थित डा. अभिन चन्द्र होमियोप्याथिक मेडिकल कलेज तथा अस्पतालमा आयोजित राष्ट्रिय वैज्ञानिक सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रपति मुर्मूले होमियोप्याथीको भविष्य वैज्ञानिक निष्पक्षता, गहन अनुसन्धान र उपचारसम्बन्धी प्रमाणमा आधारित हुनुपर्ने बताउनुभयो। उहाँले विभिन्न केन्द्रमा गरिने उपचारसम्बन्धी अध्ययन, व्यवस्थित अनुसन्धान, पारदर्शी प्रतिवेदन र चिकित्सा संस्थानहरूबीच सहकार्य बढाउन पनि आह्वान गर्नुभयो।

उपराष्ट्रपति सी. पी. राधाकृष्णन

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले महिला सशक्तीकरणका लागि आर्थिक आत्मनिर्भरता, नेतृत्व विकास र राष्ट्र निर्माणमा सक्रिय सहभागिताका अवसर सिर्जना गर्न शैक्षिक संस्थाहरूलाई आह्वान गर्नुभएको छ। उहाँले आज नागपुरस्थित राष्ट्रसन्त तुकडोजी महाराज नागपुर विश्वविद्यालयमा दुईदिने 'स्वयंसिद्धा राष्ट्रिय सम्मेलन २०२६–विजया' को उद्घाटन गर्दै शिक्षा महिला सशक्तीकरणको महत्त्वपूर्ण माध्यम रहेको बताउनुभयो। उहाँले उच्च शिक्षामा महिलाको सहभागिता बढिरहेको उल्लेख गर्दै सन् २०१४–१५ मा २३ प्रतिशत रहेको महिलाको कुल भर्ना

अनुपात २०२३–२४ मा ३१ प्रतिशतभन्दा बढी पुगेको जानकारी दिनुभयो। कार्यक्रममा उहाँले स्वयंसिद्धाको लोगो अनावरण गर्नुका साथै दुईवटा प्रकाशन सार्वजनिक गर्नुभयो। नोभेम्बर २६ सम्म चल्ने सम्मेलनले महिलाको शिक्षा, नेतृत्व क्षमता, सुरक्षा र आर्थिक आत्मनिर्भरता प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ।

प्रधानमन्त्री नरेन्द्र मोदी

प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०४७ सम्म विकसित भारत निर्माण गर्ने लक्ष्यलाई अघि बढाउन विभिन्न प्रमुख क्षेत्रमा निरन्तर सुधार र लगानी भइरहेको बताउनुभएको छ। सामाजिक सञ्जालमा भारतीय उद्योग परिसंघ (सीआईआई) का अध्यक्ष आर. मुकुन्दनको लेख साझा गर्दै उहाँले पूर्वाधारमा लगानी, जीएसटी, डिजिटल सार्वजनिक पूर्वाधार, कर्पोरेट कर सुधार, उत्पादनमा आधारित प्रोत्साहन योजना (पीएलआई) र व्यापार सम्झौताले आर्थिक विकासको आधार तयार गरेको उल्लेख गर्नुभयो। मुकुन्दनले भारतको आर्थिक सम्भावनालाई दिगो समृद्धिमा रूपान्तरण गर्न सरकार र उद्योग क्षेत्रले 'टीम भारत' का रूपमा सहकार्य गर्नुपर्नेमा जोड दिनुभएको छ। यसैबीच, प्रधानमन्त्री मोदीले भारतको सभ्यतागत सम्पदाले विश्वव्यापी सांस्कृतिक विमर्शमा बढ्दो भूमिका खेलिरहेको पनि बताउनुभएको छ। उहाँले केन्द्रीय मन्त्री गजेन्द्र सिंह शेखावतको लेख साझा गर्दै पहिलो एससीओ सभ्यतागत संवाद मञ्च र 'इन्द्रप्रस्थ कम्युनिके'बारे उल्लेख गर्नुभयो। उक्त लेखमा सम्पदा संरक्षण, सांस्कृतिक अनुसन्धान, नवप्रवर्तन र सिर्जनात्मक उद्यममार्फत भारतको समृद्ध सभ्यतागत परम्परालाई विश्वमाझ पुऱ्याउने विषयमा चर्चा गरिएको छ।

आई एफ एफ आई

गोवामा जारी ५७औँ भारतीय अन्तर्राष्ट्रिय चलचित्र महोत्सव २०२६ को छैटौँ दिन भारतीय सङ्गीतका चर्चित हस्तीहरूको योगदानलाई स्मरण गर्नुका साथै चलचित्र निर्माण कला र भाषिक सीमाभन्दा माथि सिनेमाको भूमिकामाथि विशेष कार्यक्रमहरू आयोजना गरिएको छ। चलचित्र, सङ्गीत, सांस्कृतिक कार्यक्रम र सिर्जनात्मक आदानप्रदानमार्फत महोत्सवले दर्शकलाई सिनेमासँग जोडिरहेको छ। यस वर्ष महोत्सवलाई सबैका लागि पहुँचयोग्य र समावेशी बनाउने विषयलाई पनि प्राथमिकता दिइएको छ। राष्ट्रिय चलचित्र विकास निगमले अपाङ्गता भएका व्यक्ति तथा हिँडडुलमा कठिनाइ हुनेहरूका लागि महोत्सवलाई सहज बनाउन स्वयं संस्थासँग सहकार्य गरेको छ। स्वयंका प्रमुख भूपेन्द्र सिंहले यो पहल प्रधानमन्त्री नरेन्द्र मोदीको सुगम्य भारत अभियानअन्तर्गत सबैका लागि पहुँचयुक्त भारत निर्माण गर्ने परिकल्पनासँग जोडिएको बताउनुभएको छ।

राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल

भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले हिन्द महासागर क्षेत्रका देशहरूबीच समुद्री सुरक्षा, क्षेत्रीय स्थिरता र आर्थिक समृद्धिका लागि निरन्तर सहकार्य आवश्यक रहेको बताउनुभएको छ। माल्दिभ्सको मालेमा आयोजित कोलम्बो सेक्युरिटी कन्क्लेभको आठौँ राष्ट्रिय सुरक्षा सल्लाहकार बैठकलाई सम्बोधन गर्दै उहाँले समुद्रले देशहरूलाई विभाजित नभई एकआपसमा जोड्ने माध्यमका रूपमा काम गर्नुपर्ने बताउनुभयो। उहाँले हिन्द महासागर क्षेत्रका देशहरू साझा समुद्री क्षेत्र र सभ्यतागत विरासतले जोडिएको उल्लेख गर्दै सन् २०२० मा स्थापना भएको कोलम्बो सेक्युरिटी कन्क्लेभले क्षेत्रको सुरक्षा र स्थायित्वका लागि महत्त्वपूर्ण प्रगति गरेको बताउनुभयो। साथै, भारतको 'नेबरहुड फर्स्ट' नीति र 'महासागर' परिकल्पनाअनुरूप क्षेत्रीय सहकार्यलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मन्त्री नितिन गडकरी

सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले दिव्याङ्ग व्यक्तिलाई सहयोग गर्नु सामाजिक जिम्मेवारी भएको बताउँदै उनीहरूका लागि अवसर, सम्मान र आत्मनिर्भरता सुनिश्चित गर्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुभएको छ। उहाँले आज १३औँ राष्ट्रिय दिव्याङ्ग सम्मेलनलाई सम्बोधन गर्दै समाजका सीमान्तकृत तथा कमजोर वर्गप्रति संवेदनशीलता र व्यावहारिक सहयोग आवश्यक रहेको बताउनुभयो। उहाँले दिव्याङ्ग व्यक्तिलाई केवल दानमा आधारित सहयोग दिनुभन्दा उनीहरूका लागि स्वरोजगार र जीविकोपार्जनका अवसर सिर्जना गर्ने आर्थिक रूपमा दिगो मोडेल विकास गर्नुपर्ने उल्लेख गर्नुभयो। साथै, सीप विकास कार्यक्रम व्यक्तिको क्षमता र रुचिअनुसार तयार गर्नुपर्ने र कुन प्रकारको दिव्याङ्गताका लागि कुन सीप उपयुक्त हुन्छ भन्ने विषयमा अनुसन्धान गर्नुपर्ने बताउनुभयो।

मन्त्री अश्विनी वैष्णव

केन्द्रीय मन्त्रिपरिषद्ले निर्माण तथा पूर्वाधार उपकरण उत्पादन क्षेत्रको विकासका लागि ११ हजार करोड रुपैयाँको योजना स्वीकृत गरेको छ। मन्त्रिपरिषद्का निर्णयबारे जानकारी दिँदै केन्द्रीय सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले यस योजनाले स्वदेशमै निर्माण तथा पूर्वाधार उपकरण र तिनका पार्टपुर्जाको उत्पादनलाई प्रोत्साहन गर्नुका साथै देशमा विशेष परीक्षण केन्द्र स्थापना गर्ने लक्ष्य राखेको जानकारी दिनुभयो। यसबाट भारतको आत्मनिर्भरता बढ्नुका साथै विश्वव्यापी बजारमा प्रतिस्पर्धात्मक क्षमता विस्तार हुने उहाँले उल्लेख गर्नुभयो। भारी उद्योग मन्त्रालयले कार्यान्वयन गर्ने यो योजना आर्थिक वर्ष २०२६–२७ देखि २०३३–३४ सम्म आठ वर्षका लागि सञ्चालन हुने उहाँले जानकारी दिनुभयो।

पश्चिम बंगाल सरकार

पश्चिम बंगाल सरकारले राज्यभरिका सबै सरकारी तथा सरकारी सहायता प्राप्त विद्यालयहरूलाई नोभेम्बर २७ मा बालविवाहविरुद्ध विशेष सचेतना कार्यक्रम आयोजना गर्न निर्देशन दिएको छ। 'बाल विवाह मुक्त भारत' अभियानअन्तर्गत आयोजना हुने कार्यक्रममा विद्यार्थी, शिक्षक तथा गैरशिक्षण कर्मचारीहरूले विशेष प्रार्थना सभाका क्रममा बालविवाह अन्त्य गर्ने शपथ लिनेछन्। महिला तथा बाल विकास र सामाजिक कल्याण विभागले जारी गरेको निर्देशनअनुसार विद्यालयहरूमा सचेतना अभियान सञ्चालन गर्नुका साथै बालविवाहविरुद्धका पोस्टर प्रदर्शन गर्न र बङ्गाली तथा अङ्ग्रेजी भाषामा शपथ गराउन पनि भनिएको छ। यसअघि पश्चिम बंगालका मुख्यमन्त्री सुवेन्दु अधिकारीले बालविवाह नियन्त्रणका लागि राज्यव्यापी अभियान घोषणा गर्दै घरघरमा पुगेर नाबालिगको विवाह र गर्भावस्थाबारे जानकारी सङ्कलन गर्न निर्देशन दिनुभएको थियो। उहाँले यसमा संलग्न व्यक्तिहरूलाई पक्राउ, कैद तथा सरकारी कल्याणकारी सुविधाबाट वञ्चित गर्न सकिने चेतावनीसमेत दिनुभएको थियो।

एनटीए

राष्ट्रिय परीक्षा एजेन्सीले संयुक्त प्रवेश परीक्षा (जेईई मेन) को पहिलो सत्रका लागि विलम्ब शुल्कसहित आवेदन दर्ता गर्ने भोलि अन्तिम दिन रहेको जनाएको छ। सामाजिक सञ्जालमार्फत जानकारी दिँदै एनटीएले हालसम्म १५ लाख ७३ हजार १८ वटा आवेदन प्राप्त भएको र तीमध्ये १३ लाख ९६ हजार ७ जनाभन्दा बढी उम्मेदवारले परीक्षा शुल्क सफलतापूर्वक बुझाइसकेको बताएको छ।

सूर्य किरण

भारत र नेपाली सेनाबीचको संयुक्त सैन्य अभ्यास 'सूर्य किरण' को २०औँ संस्करण आज नेपालको रुपन्देही जिल्लास्थित सालझण्डीमा रहेको नेपाली सेना ब्याटल स्कुलमा सुरु भएको छ। नेपाली सेनाको मध्यपश्चिम डिभिजनका कमान्डर मेजर जनरल पूर्णबहादुर खत्रीले अभ्यासको उद्घाटन गर्नुभयो। डिसेम्बर ८ सम्म सञ्चालन हुने अभ्यासमा दुवै देशका बटालियनस्तरका सैनिक सहभागी छन्। अभ्यासमा विपद् व्यवस्थापन, जङ्गल युद्ध तथा मानवीय सहायता सम्बन्धी विषयमा विशेष ध्यान दिइनेछ। यस क्रममा दुवै देशका सैनिकहरूले सैद्धान्तिक तथा व्यावहारिक ज्ञान र कार्यगत अनुभव आदानप्रदान गर्नेछन्। सन् २०११ मा सुरु भएको यो वार्षिक सैन्य अभ्यास भारत र नेपालमा पालैपालो आयोजना हुँदै आएको छ।

वैभव सूर्यवंशी

पुरुष क्रिकेटमा भारत 'ए' का युवा ब्याट्सम्यान वैभव सूर्यवंशीले लिस्ट ए क्रिकेटमा सबैभन्दा छिटो शतक र दोहोरो शतक बनाउँदै नयाँ विश्व कीर्तिमान कायम गर्नुभएको छ। कतारको दोहामा जारी एसिया कप राइजिङ स्टार्स प्रतियोगिताअन्तर्गत समूह चरणको खेलमा भारत 'ए' ले संयुक्त अरब इमिरेट्स (यूएई) लाई सात विकेटले पराजित गरेको छ। यूएईले दिएको २५० रनको लक्ष्य भारत 'ए' ले मात्र १४ दशमलव २ ओभरमा तीन विकेट गुमाएर पूरा गरेको थियो।

सूर्यवंशीले ५३ बलमा २०४ रन बनाउनुभयो, जसमा २८ छक्का र सात चौका सामेल थिए। उहाँले केवल २८ बलमा शतक र ५२ बलमा दोहोरो शतक पूरा गर्दै दुवै विधामा विश्व कीर्तिमान बनाउनुभयो। यस प्रदर्शनका लागि उहाँ खेलको उत्कृष्ट खेलाडी घोषित हुनुभयो। यसअघि यूएईले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर २४९ रन बनाएको थियो। उसका लागि हरप्रीत सिंह भाटियाले १३० रन बनाउनुभयो भने भारत 'ए' का अर्शद खानले चार विकेट लिनुभयो।